# तादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खरानीटार,नुवाकोट
स्था. २०७३

पत्र संख्या:- ०८०/०८१(शिक्षा)
च. नं :- ५०

मिति २०८०/१२/१५

विषय - निर्देशन गरिएको सम्बन्धमा ।

श्री सम्पुर्ण सामुदायिक तथा
संस्थागत विद्यालयहरु,
तादी गाउँपालिका, नुवाकोट ।

प्रस्तुत विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं.३१९, मिति २०८०/१२/०७ को निर्णय कार्यान्वयन सम्बन्धी पत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३८३, मिति २०८०/१२/१२ को प्राप्त पत्रानुसार प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था भएको संविधान प्रदत्त अधिकार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) मा व्यवस्था भएबमोजिम निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कानुनी एवम् नीतिगत व्यवस्था कार्यान्वयनका लागि सार्वजनिक विद्यालयमा निःशुल्क शिक्षा र निजी लगानीका (संस्थागत) विद्यालयमा शुल्क निर्धारण एवम् छात्रवृत्ति र सोको व्यवस्थापन सम्बन्धमा तपसिल अनुसारका विषयहरु कार्यान्वयनको लागि लेखि आएको हुँदा उल्लिखित व्यवस्था कार्यान्वयनका लागि निर्देशन गरिएको व्यहोरा अनुरोध छ।

रामचन्द्र कार्की
शिक्षा अधिकृत(अधिकृतस्तर सातौं)

तपसिल

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत खण्ड (ज) आधारभूत तथा माध्यमिक शिक्षा तर्फ बुँदा नं.१६ मा निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कानुनी व्यवस्थाको पूर्ण रुपमा पालना गर्न,

२. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ को नियम ५ मा उल्लेख भए बमोजिम सार्वजनिक विद्यालयले माध्यमिक तहसम्म विद्यार्थी भर्ना शुल्क, मासिक पढाइ शुल्क, परीक्षा शुल्क र पाठ्यपुस्तक वापत कुनै पनि शिर्षकमा शुल्क नलिन,

# ताादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**खरानीटार,नुवाकोट**
**स्था. २०७३**

पत्र संख्या:- ०८०/०८१(शिक्षा)
च. नं :- ५०

२. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ को नियम ५ मा उल्लेख भए बमोजिम सार्वजनिक विद्यालयले माध्यमिक तहसम्म विद्यार्थी भर्ना शुल्क, मासिक पढाइ शुल्क, परीक्षा शुल्क र पाठ्यपुस्तक वापत कुनै पनि शिर्षकमा शुल्क नलिन,
३. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा उल्लेख भएबमोजिम निजि लगानीका विद्यालयले प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा १२ सम्म अध्यापन गराउने विद्यालयले निःशुल्क शिक्षा प्रदान गर्न आरक्षणको व्यवस्था गर्न,
४. शिक्षा नियमावली, २०५९ को नियम १४७ को उपनियम २ सँग सम्बन्धित अनुसूची २२ को खण्ड (ख) ले तोकेबमोजिम आधारहरुको प्रयोग गरी नियम १४७ को उपनियम (२),(३),(४) र (५) अनुसार संस्थागत विद्यालयको शुल्क निर्धारण गर्न,
५. निजी लगानीका (संस्थागत) विद्यालयहरुले शिक्षा नियमावली, २०५९ को नियम १४६ ले तोकेको शीर्षक बाहेक शुल्क लिन नपाइने हूँदा नियम १४६ का साथै संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को दफा १४.१ अनुसार अधिकतम सीमा कायम गरी तोकिएबमोजिम शुल्क निर्धारण गर्ने व्यवस्था कार्यान्वयन गर्न,
६.विद्यालयहरुले आफ्ना विद्यार्थीहरुलाई विद्यालय परिसर भित्रै वा विद्यालयले तोकेको स्थान/पसलबाट पुस्तक,स्टेशनरी पोशाक लगायतका सामग्री खरिद गर्न अनिवार्य नगर्न तथा यस्तो कार्य गरिएको भए अविलम्ब वन्द गरी अभिभावकलाई खुला बजारबाट खरिद गर्ने अवसर प्रदान गर्न सहजिकरण गर्न,
७. विद्यालयहरुले प्रदान गर्ने छात्रवृत्ति र संस्थागत विद्यालयको शुल्क सम्बन्धी विवरण गाउँपालिकामा पेश गर्ने तथा विद्यालयहरुले सम्बन्धित विद्यालयको वेवसाइट वा अन्य माध्यमबाट सार्वजनिक गर्न,
८ निर्देशन भएका विषयहरुमा आगामी शैक्षिक सत्र २०८१ बाट पूर्ण रुपमा कार्यान्वयन गर्न गराउन ।

**रामचन्द्र कार्की**
शाखा अधिकृत(अधिकृतस्तर सातौं)